# *निर्णय नं. ०९०५ - रजिष्ट्रारबाट भएको दरपिठ आदेश बदर गरी पाउँ ।*

भाग: **४४** साल: **२०५९** महिना: **बैशाख** अंक: **१**
फैसला मिति :२०५८/०९/०५ १४६२

***निर्णय नं. ७०५७ ने.का.प.२०५९ अङ्क १/२***

***पूर्ण इजलास***

***माननीय न्यायाधीश श्री गोविन्दवहादुर श्रेष्ठ***

माननीय न्यायाधीश श्री कृष्णकुमार वर्मा

माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी

सम्वत् २०५८ सालको पू.ई.नि. नं. २

आदेश मितिः २०५८।९।५।५

विषय : रजिष्ट्रारबाट भएको दरपिठ आदेश बदर गरी पाउँ ।

निवेदकः शरदराज सापकोटा

विरुद्ध

विपक्षीः लिलादेवी क्षेत्री समेत

§ ***रिट निवेदकको मिति २०५६।१०।७ मा मृत्यु भएको र निजले राखेको वारिसले मिति २०५६।८।२४ वाट पटक पटक तारिख लिएको र मिति २०५८।६।१५ को तारिखका दिन रिट निवेदन सकार गर्न रिट निवेदकका दैयादारले दिएको निवेदन अ.वं. ६२ नं. को देहाय ३ मा उल्लेखित म्याद भित्र दिएको भन्न नमिल्ने ।***

(प्र.नं. ४)

निवेदक तर्फबाटः विव्दान अधिवक्ता श्री हरिहर दाहाल

विपक्षी तर्फबाटः

अवलम्वित नजिरः

आदेश

सम्माननीय प्रधानन्यायाधीशको मिति २०५८।९।२ को आदेशानुसार यस इजलासमा पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदन व्यहोरा समेत अध्ययन गरी निवेदक तर्फबाट रहनु भएका विद्वान अधिवक्ता श्री हरिहर दाहालले गर्नु भएको बहस समेत सुनियो।

२. यसमा निवेदकका पिता धनराज सापकोटाले यस अदालतमा रिट निवेदन दायर गरी कारवाही चलिरहेको अवस्थामा पिताको मिति २०५६।१०।७ मा स्वर्गारोहण भएको र वारेस यमबहादुर क्षेत्रीले अद्यावधि तारेख लिइरहनु भएकोमा अहिले मात्र वारेस र कानून व्यवसायी मार्फत उक्त मुद्दा चलिरहेको थाहा पाएकोले अ.वं. ७० र ६२ नं. वमोजिम मुद्दा सकार गराई पाउँ भनी मिति ०५८।६।१५ मा निवेदन परेको देखिन्छ। उक्त निवेदन दरपीठ गर्दा निवेदकले कानूनले व्यवस्था गरेको म्याद भित्र मुद्दा सकार गर्न आएको नदेखिँदा माग बमोजिम मुद्दा सकार गराउन मिलेन भनी सह रजिष्ट्रारले मिति २०५८।६।१५ मा गरेको दरपीठ आदेश उपर परेको निवेदनमा यस अदालत एक न्यायाधीशको इजलासबाट रिट निवेदक धनराज सापकोटाको मृत्यु भएको मितिले अ.वं. ६२ नं. को देहाय ३ को म्याद भित्र मुद्दा सकार गर्न निवेदन परेको भन्न मिल्ने नदेखिँदा म्याद नाघी परेको निवेदनबाट सकार नगराई दरपिठ गरेको सह–रजिष्ट्रारको आदेश मनासिव ठहर गरी यस्तै विषय वस्तु समावेश भएको संवत् २०५८ सालको निवेदन नं. ७४४ को निवेदनमा अ.वं. ६२(३) को म्याद भित्र मुद्दा सकार गर्न नआएको भनि सह–रजिष्ट्रारबाट भएको दरपीठ आदेश वदर गरी मुद्दा सकार गराउने गरी यस अदालत एक न्यायाधीशको इजलासबाट मिति २०५८।५।१३ मा भएको आदेश सँग असहमति जनाई अ.वं. ६२ नं. को देहाय ३ को व्याख्याका सम्बन्धमा निश्चित सिद्धान्त कायम गर्न पूर्ण इजलासमा पेश गर्नु भन्ने आदेश बमोजिम सम्माननीय प्रधानन्यायाधीशको मिति २०५८।९।२ को आदेशानुसार प्रस्तुत निवेदन यस इजलास समक्ष पेश हुन आएको देखिन्छ।

३. मुद्दाको पूर्पक्षको लागि अरुलाई वारेस नियुक्त गरेकोमा वारेस दिने व्यक्तिको मृत्यु भएमा उसका दैयादारले सो मुद्दा आफै सकार गर्न वा पहिलेको वारेस वदली अर्को वारेस राख्न पाउने कानूनी व्यवस्था मुलुकी ऐन, अदालती वन्दोवस्तको महलको ७० नं. मा गरिएको देखिन्छ। सोही महलको ६२ नं. को देहाय ३ मा मुद्दाका म्याद तारीखमा हाजिर हुनुपर्ने व्यक्ति मरी वा वौलाहा वा वेपत्ता भई म्याद तारेख गुज्रेमा मरी बौलाहा वा वेपत्ता भएको मितिले वाटाका म्याद बाहेक पैंतीस दिनभित्र निजका दैयादारले म्याद तारेख थामी मुद्दा सकार गर्न अड्डामा हाजिर भई निवेदन पत्र दिएमा म्याद तारेख थामी दिई मुद्दा सकार गराई दिनु पर्छ। तर मरी बौलाहा वा बेपत्ता भएको मितिको पैंतिस दिन पछिको म्याद तारेख तोकिएको रहेछ भने सो तोकिएको तारीखको दिन अड्डामा हाजिर भई मुद्दा सकार गर्नको लागि निवेदनपत्र दिए पनि सकार गराई दिनुपर्छ भन्ने व्यवस्था भएको पाइन्छ। उल्लेखित कानूनी व्यवस्था अनुसार कुनै व्यक्ति मरी मुद्दा सकार गर्नुपर्ने अवस्थामा निजको मृत्यु भएको मितिले वाटाका म्याद वाहेक ३५ दिन भित्र वा मृत्यु भएको ३५ दिनभन्दा पछिको म्याद तारेख तोकिएकोमा सो तारीखका दिन निजका दैयादार अड्डामा आई मुद्दा सकार गर्नका लागि निवेदन दिनुपर्ने वाध्यात्मक कार्यविधि तोकिएको देखिन्छ। त्यस अनुसार मुद्दाका पक्षको मृत्यु भएको लगत्तै निजका दैयादारले अड्डामा आई कानून बमोजिम मुद्दा सकार नगरी लामो समयसम्म मुद्दा चलिरहन सक्छ भन्न मिल्ने देखिदैन। यसैले माथि उल्लेखित सम्वत् २०५८ सालको निवेदन नं. ७४४ शिव श्रेष्ठको मु.स. गर्ने शिवदाश श्रेष्ठ निवेदक विरुद्ध

सरस्वती श्रेष्ठ समेत विपक्षी भएको करार बमोजिम गराई पाउँ भन्ने मुद्दामा शिव श्रेष्ठको मृत्यु हुनु अगावै निजको वारेसले मिति २०५७।१२।७ बाट २०५८।१।१४ को तारेख लिएकोमा मिति २०५७।१२।१ मा शिव श्रेष्ठको मृत्यु भएपछि पनि उक्त मिति २०५८।१।१४ बाट तोकिएको मिति २०५८।२।२४ को तारेखमा उपस्थित भई २०५८।४।१८ को तारेख लिएकोमा सो दिनको गुज्रेको तारेख समेत थमाई मुद्दा सकार गराई पाउँ भनी शिव श्रेष्ठको दैयादार शिवदास श्रेष्ठले मिति २०५८।४।१९ मा दिएको निवेदनमा अ.वं. ६२(३) को म्याद भित्र मुद्दा सकार गर्न नआएको भन्ने आधारमा सह–रजिष्ट्रारबाट भएको दरपिठ आदेश वदर गरी मुद्दा सकार गराईदिने गरी भएको यस अदालत एक न्यायाधीशको इजलासको मिति २०५८।५।१३ को आदेशसँग सहमत हुन सकिएन।

४. प्रस्तुत मुद्दामा रिट निवेदक धनराज सापकोटाको मिति २०५६।१०।७ मा मृत्यु भएको र निजले राखेको वारीस यमवहादुर महत क्षेत्रीले मिति २०५६।८।२४ बाट २०५६।१२।२ को तारिख लिई सो तारीख देखि २०५८।५।२९ सम्म पटक पटक तारिख लिएको सम्बन्धित मिसिलबाट देखिन्छ। मिति २०५८।५।२९ बाट २०५८।६।१५ को तारेख तोकिएकोमा सो तारिखका दिन रिट निवेदन सकार गर्न रिट निवेदकका दैयादार शरदराज सापकोटाले दिएको निवेदन अ.वं. ६२ नं. को देहाय ३ मा उल्लेखित म्याद भित्र दिएको भन्ने देखिदैन। यसर्थ निवेदकले कानूनले व्यवस्था गरेको म्याद भित्र मुद्दा सकार गर्न आएको नदेखिएकोले मुद्दा सकार गराउन मिलेन भनी सह रजिष्ट्रारबाट भएको मिति २०५८।६।१५ को दरपीठ आदेश सदर गरेको माननीय न्यायाधीश श्री ज्ञाइन्द्रवहादुर श्रेष्ठको राय मनासिव देखिन्छ। कानून बमोजिम गर्नु।

उक्त रायमा सहमत छौं।

न्या. गोविन्द बहादुर श्रेष्ठ
न्या.कृष्णकुमार वर्मा
न्या.मीनबहादुर रायमाझी

इति संवत् २०५८ साल पौष ५ गते रोज ५ शुभम् ....................................

## ***भर्खरै प्रकाशित नजिरहरू***


- ***१०५२७ - बन्दीप्रत्यक्षीकरण (http://nkp.gov.np/full_detail/9593)***

  ***फैसला मिति : २०७७/०४/२९ | मुद्दा नं : ०७७-WH-००११***

- ***१०५२६ - उत्प्रेषण / परमादेश (http://nkp.gov.np/full_detail/9592)***

  ***फैसला मिति : २०७७/०४/२१ | मुद्दा नं : ०७६-WO-०९६२***

- ***१०५२५ - कर्तव्य ज्यान (http://nkp.gov.np/full_detail/9591)***

*फैसला मिति : २०७७/०४/२१ | मुद्दा नं : ०७५-CR-०८४७*

- ***१०५२४ - परमादेश (http://nkp.gov.np/full_detail/9590)***

  *फैसला मिति : २०७७/०३/२५ | मुद्दा नं : ०७६-WO-१०२६*

- ***१०५२३ - राज्य विरूद्धको अपराध (http://nkp.gov.np/full_detail/9589)***

  *फैसला मिति : २०७७/०३/०२ | मुद्दा नं : ०७५-CR-१०९३*

# धेरै हेरिएका नजिरहरु

- ***निर्णय नं: # ९३४६ - मानव बेचबिखन, बालविवाह, जबर्जस्ती करणी (http://nkp.gov.np/full_detail/8389)***

  *फैसला मिति : २०७१/१०/१९ | मुद्दा नं : ०६७-CR-११८८*

- ***निर्णय नं: # ९३१७ - हालैदेखिको बकसपत्र लिखत बदर (http://nkp.gov.np/full_detail/8316)***

  *फैसला मिति : २०७१/०७/१९ | मुद्दा नं : ०६७-CI-०९०३*

- ***निर्णय नं: # ९२७३ - मानाचामल (http://nkp.gov.np/full_detail/8079)***

  *फैसला मिति : २०७१/०५/०५ | मुद्दा नं : ०६८-CI-०२१६*

- ***निर्णय नं: # ९२७४ - लागु औषध (नरफिन) (http://nkp.gov.np/full_detail/8080)***

  *फैसला मिति : २०७१/०५/०५ | मुद्दा नं : २०६७-CR-०९९२*

- ***निर्णय नं: # ९३१९ - उत्प्रेषण (http://nkp.gov.np/full_detail/8363)***

  *फैसला मिति : 2070/10/20 | मुद्दा नं : ०६९–WS–००३५*